कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर ।

आ.व. २०७६/०७७
च.नं. 2063

बागमती प्रदेश, नेपाल।

---

हार्दिक अपिल।

जल तथा मौसम विज्ञान विभागको पुर्व सूचना अनुसार विगत २(दुई) दिन देखि शुरु भईरहेको मनसुन (वर्षा) अझै केही दिन सम्म रहने अनुमान गरिएको छ । वर्षात् का कारण हुने बाढी पहिरो लगायतका सम्भावित जोखिम समेतलाई आंकलन गरी पुर्व तयारी रहन सम्बद्ध निकायहरुले पनि सचेत गराई रहेको अवस्था हुँदा, विपद्को जोखिमबाट बाँच्न र बचाउनको लागि यस कोन्ज्योसोम गाउँपालिका बासीहरु, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकाय तथा निजि क्षेत्र एबम सम्बद्ध निकाय लगायत स्थानीय समाजसेवी, प्रहरी, नेपाली सेना तथा सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई आ-आफ्नो क्षेत्रबाट, हुन सक्ने विपद्को जोखिमलाई न्यूनीकरण तथा तत्काल उद्धार कार्यमा सहयोग पुर्याउनु हुन हार्दिक अपिल समेत गर्दछु । विपद्को समयमा आ-आफ्नो स्थानमा सुरक्षित रहनु हुन, गाउँबासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरुमा हार्दिक अनुरोध गर्दै, आगामी दिनमा पर्न जाने विपद्को समयमा खाद्य सामग्रीको संचिती गर्ने, विद्युतीय उपकरण, संचार सम्पर्क माध्यम जस्ता अत्यावश्यकीय उपकरणहरुको सुरक्षित र भरपर्दो उपयोग गरी राख्नु हुन समेत हार्दिक अपिल गर्दछु ।

मितिः २०७७/०३/२६ गते

गोपीलाल सिंतान
अध्यक्ष

---

"कृषि, पर्यटन, सँस्कृति, वातावरण र पूर्वाधारः सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"
E-mail:- konjyosom2075@gmail.com, Website:- www.konjyosommun.gov.np